# <u>जिल्ला समन्वय समिति निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४</u>

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०४।८**

जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "जिल्ला समन्वय समिति निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ को दफा २ मा संशोधन</u>** : जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन् :-

"(च१) "जिल्ला सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्छ ।

(च२) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ ।"

(२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ :-

"(ञ१) "मुख्य निर्वाचन अधिकृत" भन्नाले दफा ३ बमोजिमको मुख्य निर्वाचन अधिकृत सम्झनु पर्छ ।"

३. **<u>मूल निर्देशिकाको दफा ३ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. **<u>मुख्य निर्वाचन अधिकृत</u>** : (१) जिल्ला समन्वय समितिको निर्वाचन गर्ने गराउने जिम्मेवारी स्थानीय तह निर्वाचनको लागि नियुक्त सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचन सम्पन्न भई मुख्य निर्वाचन अधिकृतको कार्यालय बन्द भईसकेको जिल्लाको हकमा जिल्ला समन्वय समितिको निर्वाचनको लागि आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्नेछ ।"

४. **<u>मूल निर्देशिकाको दफा ४ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

“४. **कार्यालय स्थापना** : (१) जिल्लासभाले जिल्ला समन्वय समितिमा रहने सदस्य सङ्ख्या निर्धारण गरेको जानकारी सम्बन्धित निर्वाचन कार्यालयबाट प्राप्त भएपछि मुख्य निर्वाचन अधिकृतले जिल्ला सदरमुकाममा रहेको सरकारी वा सरकारी स्वामित्वको उपयुक्त कार्यालयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (२) बमोजिम नियुक्त भएको मुख्य निर्वाचन अधिकृतले आफू नियुक्त भएपछि उपदफा (१) बमोजिम कार्यालय स्थापना गर्नु पर्नेछ ।

(३) मुख्य निर्वाचन अधिकृतको कार्यालय सञ्चालनको लागि फर्निचर, फोटोकपी मेशिन, फ्याक्स, टेलिफोन लगायतका आवश्यक सामग्री सम्बन्धित कार्यालयले नै उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयमा पर्याप्त सामग्री नभएको कारणबाट त्यस्तो सामग्री उपलब्ध गराउन नसकेमा मुख्य निर्वाचन अधिकृतले जिल्लास्थित अन्य कुनै कार्यालयबाट माग गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम कार्यालय स्थापनाको लागि आवश्यक स्थान उपलब्ध गराउनु तथा उपदफा (४) बमोजिम माग भएको सामग्री उपलब्ध गराउनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।”

५. **मूल निर्देशिकाको दफा ५ मा संशोधन** : मूल निर्देशिकाको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

“५. **मुख्य निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी** : (१) निर्वाचन सम्बन्धी कार्य सञ्चालनको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृतको अतिरिक्त देहाय बमोजिमका कर्मचारी रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | सहायक निर्वाचन अधिकृत (शाखा अधिकृत वा सो सरह) | एकजना |
| (ख) | लेखा अधिकृत, लेखापाल वा सह लेखापाल | एकजना |
| (ग) | सहायक कर्मचारी (नायब सुब्बा वा खरिदार) | एकजना |
| (घ) | कम्प्युटर अपरेटर | एकजना |
| (ङ) | सवारी चालक (सरकारी सवारी साधन उपलब्ध भएको अवस्थामा मात्र) | एकजना |
| (च) | कार्यालय सहयोगी | एकजना |
| (छ) | सुरक्षा गार्ड (मुख्य निर्वाचन अधिकृतको अङ्गरक्षक) | एकजना |

(२) दफा ४ बमोजिम मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि मुख्य निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमका कर्मचारी नियुक्त गर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीले मुख्य निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही निर्वाचन सम्बन्धी कार्य सञ्चालन गर्नु पर्नेछ।"

६. **मूल निर्देशिकाको दफा ७ मा संशोधन :** मूल निर्देशिकाको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) मुख्य निर्वाचन अधिकृतले जिल्ला सभाले जिल्ला समन्वय समितिमा रहने सदस्यहरुको सङ्ख्या निर्धारण गरेको जानकारी निर्वाचन कार्यालयबाट प्राप्त भएको तीन दिनभित्र उपदफा (२) बमोजिम निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ।

तर दफा ३ को उपदफा (२) बमोजिम नियुक्त भएको मुख्य निर्वाचन अधिकृतले जिल्ला समन्वय समितिमा रहने सदस्य सङ्ख्या निर्धारण भएको जानकारी निर्वाचन कार्यालयबाट प्राप्त गरी तीन दिनभित्र निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ।"

७. **मूल निर्देशिकाको दफा ८ मा संशोधन** : मूल निर्देशिकाको दफा ८ को उपदफा (२) झिकिएको छ।

८. **मूल निर्देशिकाको दफा ९ मा संशोधन** : मूल निर्देशिकाको दफा ९ को उपदफा (३) मा रहेका "र सो पदको शपथ लिएको" भन्ने शब्दहरु झिकिएका छन्।

९. **मूल निर्देशिकाको दफा १४ मा संशोधन** : मूल निर्देशिकाको दफा १४ को उपदफा (१) मा रहेको "परेकोको" भन्ने शब्दको सट्टा "परेकोमा" भन्ने शब्द राखिएको छ।

१०. **मूल निर्देशिकाको दफा २८ मा संशोधन** : मूल निर्देशिकाको दफा २८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको गाउँपालिका वा नगरपालिकाको निर्वाचन सम्बन्धी कार्य सम्पन्न गरेपछि निजलाई खाइपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम यस निर्देशिका बमोजिम निर्वाचन भत्ता बापत उपलब्ध गराइनेछ।"

(२) उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख) र (१ग) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (२) बमोजिम नियुक्त भएको मुख्य निर्वाचन अधिकृतलाई निज नियुक्त भएको मितिदेखि त्यस्तो निर्वाचन भत्ता उपलब्ध गराइनेछ।

(१ख) दफा ५ बमोजिम नियुक्त भएका सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको मिति देखि खाइपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ताको रुपमा उपलब्ध गराइनेछ।

(१ग) उपदफा (१), (१क) र (१ख) बमोजिमको रकम भुक्तानी दिँदा अग्रीम आयकर बापत पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।"

(३) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) मुख्य निर्वाचन अधिकृत तथा अन्य कर्मचारीलाई यस दफा बमोजिम निर्वाचन भत्ता बापतको रकम उपलब्ध गराउँदा निर्वाचन परिणाम प्रकाशन भएको मितिले बढीमा सात दिनसम्मको लागि उपलब्ध गराइनेछ ।

(२ख) मुख्य निर्वाचन अधिकृत तथा अन्य कर्मचारीलाई यस दफा बमोजिम निर्वाचन भत्ता बापतको रकम उपलब्ध गराउँदा आयोगबाट स्वीकृत स्थानीय तह निर्वाचन आर्थिक निर्देशिका बमोजिमको निर्वाचन भत्तासँग दोहोरो नपर्ने गरी उपलब्ध गराइनेछ ।"

११. **मूल निर्देशिकाको दफा ३० मा संशोधन** : मूल निर्देशिकाको दफा ३० मा रहेका "पाँच हजार" भन्ने शब्दहरुको सट्टा "दश हजार" भन्ने शब्दहरु राखिएका छन् ।

१२. **मूल निर्देशिकाको दफा ३१ मा संशोधन** : मूल निर्देशिकाको दफा ३१ मा रहेका "दुई हजार" भन्ने शब्दहरुको सट्टा "पाँच हजार" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **मूल निर्देशिकाको दफा ३४ मा संशोधन** : मूल निर्देशिकाको दफा ३४ मा रहेका "पाँच हजार" भन्ने शब्दहरुको सट्टा "दश हजार" भन्ने शब्दहरु राखिएका छन् ।

१४. **मूल निर्देशिकाको दफा ४७ मा संशोधन** : मूल निर्देशिकाको दफा ४७ मा रहेका "जिल्ला समन्वय समितिको प्रमुखले शपथ लिए पछि सदस्यले निज समक्ष" भन्ने शब्दहरुको सट्टा "जिल्ला समन्वय समितिका सदस्यले जिल्ला समन्वय समितिको प्रमुख समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

१५. **मूल निर्देशिकाको अनुसूची-७ मा संशोधन** : मूल निर्देशिकाको अनुसूची-७ को सट्टा संलग्न अनुसूची-७ राखिएको छ ।

१६. **रुपान्तर** : मूल निर्देशिकाको ठाउँ ठाउँमा रहेका "निर्वाचन अधिकृत" भन्ने शब्दहरुको सट्टा "मुख्य निर्वाचन अधिकृत" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

"अनुसूची-७

(दफा २५ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

जिल्ला समन्वय समितिको निर्वाचन

.............................. जिल्ला

**<u>मतगणना फाराम</u>**

............................. जिल्ला..................... जिल्ला समन्वय समितिको निर्वाचनको लागि मतदान भएको मत गणना देहाय बमोजिम छ :-

जिल्ला :-

कुल मतदाता सङ्ख्या :- कुल मतदान सङ्ख्या :-

जम्मा खसेको मत सङ्ख्या :-

सम्पूर्ण रुपमा बदर भएको मतपत्र सङ्ख्या :-

पद : जिल्ला समन्वय समितिको प्रमुख/उपप्रमुख/महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य/सदस्य

| क.सं. | निर्वाचन चिन्ह र उम्मेदवारको नाम | | प्राप्त मत | |
|---|---|---|---|---|
| | | | गणनाको धर्सो | जम्मा मत |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| . | | | | |
| . | | | | |
| | **बदर मत** | | | |

मतगणना गर्ने कर्मचारीको

१. ........................................ (नाम) ................................ (दस्तखत)

२. ........................................ (नाम) ................................ (दस्तखत)

३. ........................................ (नाम) ................................ (दस्तखत)

**<u>द्रष्टव्य</u> :**

(१) यो गणना फाराम जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, महिला सदस्य, दलित वा अल्पसङ्ख्यक सदस्य र अन्य सदस्यको लागि अलग-अलग रुपमा तयार गर्नु पर्नेछ ।

(२) यो गणना फाराम सम्बन्धित जिल्ला समन्वय समितिको उम्मेदवारको निर्वाचन चिन्हको आधारमा तयार गरी गणना गर्नु पर्नेछ ।

(३) सम्पूर्ण रुपमा बदर भएका मतपत्र पहिले गणना गरी तत्पश्चात मात्र अन्य मतपत्रको गणना गर्नु पर्नेछ ।

(४) एउटै मतपत्रमा केही मत सदर र केही मत बदर भएको अवस्थामा पहिले बदर भए जति मत बदर मतको महलमा उल्लेख गरी तत्पश्चात मात्र सदर मत गणना गर्नु पर्नेछ ।"